# कोन्ज्योसोम गाउँपालिका
KONJYOSOM RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
चौघरे, ललितपुर
Chaughare, Lalitpur
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal


visit nepal 2020 Lifetime Experiences

प.सं./Let. No.:
च.नं./Ref. No.:

मिति/Date: .............................

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID-19) को कारणले गर्दा यस गाउँपालिकाको विकास निर्माण लगायत आर्थिक तथा सामाजिक विकासमा पर्न गएको असर सबै गाउँपालिका बासीलाई जानकारी नै छ ।यसै सन्दर्भमा कोन्ज्योसोम गाउँपालिका भित्र प्रत्यक्षरुपमा स्वास्थ्य, सुरक्षा, राहत वितरण लगायतका काममा सहभागी हुनुभएका जनप्रतिनिधीहरु, कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, महिला स्वास्थ्य स्वंयम सेविकाहरु, राहत वितरणमा सहभागी हुनुभएका स्वंयम सेवकहरु तथा अन्य व्यक्तिहरुको मितिः२०७७।०२।०२ गतेका दिन यस गाउँपालिकामा जम्मा १३६ जनाको RDT विधिद्वारा परिक्षण गर्दा २ जनाको कोरोना Positive देखिएकोले निजहरु २ जना र अन्य ५८ जना गरि जम्मा ६० जनाको स्वाव संकलन गरि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा PCR विधिद्वारा परिक्षण गर्दा सबैजनाको कोरोना परिक्षण प्रतिवेदन Negative देखिएको व्यहोरा गाउँपालिकाबासी सबै आमा बुवा, दाजुभाइ तथा दिदीवहिनीहरुमा जानकारी गर्दछु । साथै केही Online media हरुले २ जनाको RDT विधिद्वारा परिक्षण गर्दा कोरोना Positive देखिएको विषयलाई लिएर समाचार बनाई कोन्ज्योसोम गाउँपालिकाबासीलाई त्रसित वनाएकोले PCR विधिद्वारा परिक्षण गरि नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आधिकारिक रुपमा कोरोना Positive पुष्टि भएको भनी जानकारि नगराएसम्म समाजमा डर त्रास फैलाउने किसिमले यस प्रकारका समाचार प्रकाशन नगरिदिनुहुन समेत सबै संचारकर्मीहरुमा हार्दिक अनुरोध गर्दछु । अन्तमाः यस कोरोना भाईरसको महामारीबाट आफु पनि बाँचन र अरुलाई पनि बचाउन सबै कोन्ज्योसोम बासी आमा बुवा, दाजुभाइ तथा दिदीवहिनीहरुलाई अतिआवश्यक काम बाहेक घर बाहिर ननिस्किदिनुहुन तथा निस्किनै पर्ने काम भएमा अनिवार्यरुपमा मास्कको प्रयोग गरि सुरक्षितसाथ सामाजिक दुरी कायम गरि आफ्नो काम गर्नुहुन अनुरोध गर्दछु ।

मितिः२०७७।०२।०५

२०७७/०२/०५

.......................
(गोपिलाल सिंतान)
गाउँपालिका अध्यक्ष

गोपीलाल सिंतान
अध्यक्ष